घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं.: ८३

मितिः- २०८३/०४/२७
ने.सं. :- ११४६ दिल्लागा ३०, बुधबार

विषयः- **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३" मा सादर निमन्त्रणा ।**

**श्रीमान् नगर प्रमुखज्यूहरु (काठमाडौँ/ललितपुर/पोखरा/भरतपुर/वीरगञ्ज/विराटनगर महानगरपालिका),**
**श्रीमान् नगर प्रमुखज्यूहरु (११ उपमहानगरपालिका),**
**श्रीमान् नगर प्रमुखज्यूहरु (२७६ नगरपालिका),**
**श्रीमान् अध्यक्षज्यूहरु (४६९ गाउँपालिका),**
**नेपाल ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आफ्नै पहलमा नेपाल सरकार, प्रदेश सरकार, भगिनी स्थानीय तहहरु, मुस्ताङ जिल्लाका छिमेकी स्थानीय तहहरु र अन्य विभिन्न सहयोगी निकायहरुसमेतको सहयोगमा नेपालका ७५३ वटै स्थानीय तहका प्रमुखज्यूहरु तथा अध्यक्षज्यूहरुको सहभागिता र जलवायु क्षेत्रका विज्ञहरुको उपस्थितिमा यही मिति २०८३ साल भाद्र ३० र ३१ गते **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३"** को आयोजना गर्न लागेको बेहोरा अवगत गराउन पाउँदा गाउँपालिकाले अत्यन्त हर्षविभोर महसुस गरेको छ ।

विश्वव्यापी रुपमा भइरहेको जलवायु परिवर्तनका कारण नेपालको हिमाली क्षेत्रमा त्यसका प्रत्यक्ष एवं प्रष्ट असरहरु देखिएको, हिमनदी पग्लिने दर बढ्न गई हिमालको प्राकृतिक सन्तुलन बिग्रिरहेको, हिमनदी पग्लिएर बनेका हिमतालहरू ठूलो र अस्थिर बन्दै गएका कारण अचानक फुटेर बाढी ल्याउने खतरा बढ्दै गएको, हिमरेखा र रुख-रेखाको उचाइ बढ्दै गएको, मौसमसम्बन्धी पुराना कीर्तिमानहरु भंग भई नयाँ कीर्तिमान बन्ने क्रम बढ्दै गएको, पानीको स्रोतमा अस्थिरता आएको कारण खानेपानी र सिँचाइमा समस्या बढ्दै गएको, जैविक विविधतामा असर पर्न गई हिमाली वनस्पति र जनावरहरूको बासस्थानमा परिवर्तन ल्याउनुका साथै केही प्रजाति लोप हुने अवस्थामा पुगेको, कृषि, पशुपालन र पर्यटनजस्ता मानव जीवन र जीविकोपार्जनसँग जोडिएका क्षेत्रहरुमा प्रत्यक्ष प्रभाव पर्न गई हिमाली क्षेत्रका मानिसहरूको आय र जीवनशैलीमा कठिनाइ थपिएको, पूर्वानुमान गर्न नसकिने समय र मौसममा हिउँ पहिरो, सुक्खा पहिरो आदिले जनधनको क्षति एवं कृषि प्रणालीमा असर पुर्‍याएको, जलवायुजन्य बसाइँसराइ तथा विस्थापन बढ्दै गएको लगायतका अवस्थालाई मध्यनजर गर्दै नेपालका सम्पूर्ण स्थानीय तहहरुको


फोन नं.:०६९-४४००१६ इमेल: gharapjhongrmunicpality@gmail.com, info@gharapjhongmun.gov.np वेबसाइट: gharapjhongmun.gov.np

एकीकृत आवाज र संयुक्त ऐक्यबद्धतामार्फत् नेपाल सरकार र अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो ।

सम्मेलनबाट जलवायु परिवर्तनका कारण नेपालका सबै स्थानीय तहहरुमा सिर्जित अवस्था, प्रकोप र असरहरुको पहिचान गर्दै असर न्यूनीकरण तथा अनुकूलनका उपाय एवं रणनीतिहरुको बारेमा पवित्र कालीगण्डकी नदीको तट, मुक्तिनाथ भगवान् एवं निलगिरी हिमालको काखमा बसेर छलफल गरी हिमालपारिबाट जारी हुने **"जलवायु परिवर्तन सम्बन्धी घरपझोङ घोषणापत्र, २०८३"** मार्फत् स्थानीय तहहरुको एकीकृत एवं संयुक्त आवाजलाई बुलन्द बनाई विश्वसामु पुऱ्याउन सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

अतः निम्न मिति, समय र स्थानमा हुने "घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३" मा हजुरहरुको उपस्थिति एवं सहभागिताका लागि हार्दिकतापूर्वक सादर निमन्त्रणा गर्दछौं ।

**तपसिलः-**

मितिः- २०८३/०५/३० र ३१ गते

समयः- बिहान ८:०० बजे

स्थानः- जोमसोम कभर्ड हल, घरपझोङ-४, जोमसोम, मुस्ताङ ।

२०८३/०५/२६

(भिम कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः-**

१. श्रीमान् नगर प्रमुखज्यू/अध्यक्षज्यू र अन्य एक जना गरी एक स्थानीय तहबाट दुई जनाको लागि मिति २०८३/०५/२९ गते बेलुका देखि दुई रात र दुई दिनको खाना, बास र खाजाको व्यवस्थापन यस गाउँपालिकाबाट हुने व्यहोरा अनुरोध छ ।
२. बसाइ व्यवस्थापनका लागि तहाँ स्थानीय तहबाट सहभागी हुने श्रीमान् नगर प्रमुखज्यू/अध्यक्षज्यू र थप एक जनाको नामावली मिति २०८३/०५/१५ गते भित्र उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।
३. जलवायु परिवर्तनबाट तहाँ स्थानीय तहहरुमा परेको असरसँग सम्बन्धित फोटोहरु सम्मेलन स्थलमा प्रदर्शनीमा राखिने भएकाले मिति २०८३/०५/१५ गते सम्ममा यस गाउँपालिकाको इ-मेल ठेगानामा पठाइदिनु हुन अनुरोध छ ।
४. जलवायु परिवर्तनको असर र अनुकूलन सम्बन्धमा तहाँ स्थानीय तहहरुको धारणा र घोषणापत्रमा समेटिनुपर्ने मुख्य विषयवस्तुहरु मिति २०८३/०५/१५ गते भित्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।